**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो अर्को पुस्ताको सुधारको लागि रोडम्यापको समीक्षा गर्न उच्चस्तरीय बैठक गर्नुभयो|

- राष्ट्रिय जनतांत्रिक गठबन्धन-एनडीएका उपराष्ट्रपति पदका उम्मेदवार सीपी राधाकृष्णनले भोलि आफ्नो मनोनयन दर्ता गराउनुहुनेछ।

- विदेशमन्त्री सुब्रमण्यम जयशंकरले वर्तमान अन्तर्राष्ट्रिय परिवेशमा विश्व अर्थतन्त्रमा स्थिरता र वृद्धि आवश्यक रहेको बताउनु भएको छ ।

- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेन युद्ध समाप्त गर्न रुस र युक्रेनका राष्ट्रपतिहरू बीच आमनेसामने बैठकको व्यवस्था गर्ने घोषणा गर्नुभएको छ।

- मौसम विभाग-आईएमडीले आज कर्नाटक, गुजरात, मध्य महाराष्ट्र, कोंकण र गोवामा अत्यधिक वर्षाका लागि रेड अलर्ट जारी गरेको छ।

**प्रधानमंत्री- बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो अर्को पुस्ताको सुधारको लागि रोडम्यापको समीक्षा गर्न उच्चस्तरीय बैठक गर्नुभयो, जसमा जीवनयापनको सहजता, व्यवसाय गर्न सहजता र समावेशी समृद्धिका उपायहरूमा विशेष ध्यान केन्द्रित गरिएको थियो।प्रधानमन्त्रीलाई शासन सहज बनाउने, आर्थिक वृद्धि बढाउने र यी उपायहरूबाट नागरिकहरूलाई प्रत्यक्ष लाभ सुनिश्चित गर्ने उपायहरूको बारेमा जानकारी गराइएको थियो। यो उच्चस्तरीय बैठक प्रधानमन्त्रीको स्वतन्त्रता दिवसको संबोधन पछि बोलाइएको थियो जसमा उहाँले जीएसटी सुधार र करको बोझ घटाउने रूपमा दिवालीको उपहार दिने वाचा गरिनुभएको थियो।

(byte)

बैठकपछि, प्रधानमन्त्रीले सामाजिक सञ्जाल प्लेटफर्म X मा सरकार सबै क्षेत्रमा द्रुत सुधारहरू लागू गर्न प्रतिबद्ध रहेको बताउनुभयो। यी सुधारहरूको उद्देश्य जीवनयापनमा सहजता, व्यवसाय गर्न सहजता र समृद्धिलाई प्रवर्द्धन गर्नु हो।

बैठकमा गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह, सडक परिवहनमन्त्री नितिन गडकरी, कृषिमन्त्री शिवराज सिंह चौहान, वित्तमंत्री निर्मला सीतारमण र वाणिज्यमन्त्री पियुष गोयल उपस्थित थिए। यस उच्चस्तरीय बैठकको मुख्य उद्देश्य देशको अर्थतन्त्रलाई सुदृढ पार्न, पूर्वाधार सुधार गर्न र प्रशासनलाई सुदृढ पार्न रणनीति तयार गर्नु थियो।

**उपराष्ट्रपति**

राष्ट्रिय जनतांत्रिक गठबन्धन-एनडीएका उपराष्ट्रपति पदका उम्मेदवार सीपी राधाकृष्णनले भोलि आफ्नो मनोनयन दर्ता गराउनुहुनेछ। श्री राधाकृष्णनले हिज साँझ नयाँ दिल्लीमा एनडीए संसदीय दलका नेताहरूसँग शिष्टाचार भेटघाट गर्नुभयो।

बैठकपछि नयाँ दिल्लीमा मिडियालाई जानकारी दिनुहुदै संसदीय मामिला मन्त्री किरेन रिजिजुले मनोनयन दर्ता गर्दा सबै एनडीए नेताहरू उपस्थित रहने बताउनुभयो।

श्री रिजिजूले एनडीए संसदीय दलको बैठक आज हुने बताउनुभयो। यसमा सबै नेताहरूलाई श्री सीपी राधाकृष्णनसँग औपचारिक रूपमा परिचय गराइनेछ। उहाँले सबै राजनीतिक दलहरूले उपराष्ट्रपति पदको लागि श्री राधाकृष्णनलाई समर्थन गर्नेछ भनि आशा व्यक्त गर्नुभयो।

**विदेश मन्त्री - आतंकवाद**

विदेशमन्त्री सुब्रमण्यम जयशंकरले वर्तमान अन्तर्राष्ट्रिय परिवेशमा विश्व अर्थतन्त्रमा स्थिरता र वृद्धि आवश्यक रहेको बताउनु भएको छ ।उहाले भारत निष्पक्ष, सन्तुलित र बहुध्रुवीय विश्व व्यवस्थाको पक्षमा रहेको बताउनु भयो । उहाले सुधारिएको बहुपक्षीयता समयको माग भएको बताउनु भयो । चीनका विदेशमन्त्री वाङ यी सँगको वार्तामा डा जयशंकरले सबै प्रकारका आतङ्कवाद विरुद्ध लड्नु भारतको प्राथमिकता भएको बताउनु बताएभयो। दुई नेताबीच आर्थिक तथा व्यापारिक सम्बन्ध, तीर्थयात्रा, जनस्तरको सम्पर्क, नदीको तथ्याङ्क आदानप्रदान लगायत विविध विषयमा छलफल भएको थियो ।जयशंकरले भारत–चीन सम्बन्ध पारस्परिक सम्मान, संवेदनशीलता र पारस्परिक हितमा निर्देशित हुनुपर्ने बताउनु भयो। उहाले मतभेदलाई विवादमा परिणत गर्न नहुने र प्रतिस्पर्धालाई द्वन्द्वमा परिणत गर्न नहुने बताउनु भयो।

**Byte**

**नड्डा- सेमीकंडक्टर**

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जे.पी. नड्डाले भारतमा सेमीकंडक्टर उद्योगको विकासको सपना वास्तविकतामा परिणत हुँदै गएको बताउनुभएको छ। उहाँले देशको सेमीकंडक्टर उद्योगले ठूलो फड्को मार्ने तयारी गरिरहेको बताउनुभयो। श्री नड्डाले २०३० सम्ममा यो १०० देखि ११० अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको बताउनुभयो।एक सामाजिक सञ्जालमा पोस्टमा श्री नड्डाले सरकारले उद्योगलाई सहयोग गर्न बलियो पारिस्थितिक प्रणाली सिर्जना गर्ने उद्देश्यले इलेक्ट्रोनिक्स प्रणाली डिजाइन र निर्माण, इंडिया सेमीकंडक्टर मिसन र सेमीकंडक्टर इंडिया कार्यक्रम जस्ता धेरै पहलहरू सुरु गरेको बताउनुभयो। उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारत इलेक्ट्रोनिक्स उत्पादन र डिजाइनको लागि विश्वव्यापी केन्द्रको रूपमा द्रुत गतिमा उदाइरहेको बताउनुभयो। श्री नड्डाले विश्वस्तता व्यक्त गर्नुहुदै त्यो दिन टाढा छैन जब भारतले विश्वव्यापी सेमीकंडक्टर बजारमा प्रभुत्व कायम गर्ने छ भनि बताउनुभएको छ।

**ट्रंप- जेलेंस्की बैठक**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेन युद्ध समाप्त गर्न रुस र युक्रेनका राष्ट्रपतिहरू बीच आमनेसामने बैठकको व्यवस्था गर्ने घोषणा गर्नुभएको छ। आफ्नो सामाजिक सञ्जाल प्लेटफर्ममा, श्री ट्रम्पले हिजो राति ह्वाइट हाउसमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र अन्य युरोपेली नेताहरूलाई स्वागत गरेपछि रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग कुरा गर्नुभएको बताउनु भयो। श्री ट्रम्पले राष्ट्रपति पुटिन र राष्ट्रपति जेलेन्स्की बीचको बैठकको लागि कुराकानी सुरु गरिसकेको पनि बताउनुभयो। उहाँले स्थान पछि तय गरिनेछ भनि बताउनुभयो। श्री ट्रम्पले उनी पुटिन-जेलेन्स्की वार्ता पछि त्रिपक्षीय बैठकमा पनि भाग लिने बताउनुभयो। उहाँले अमेरिकी उपराष्ट्रपति जे.डी.वैन्स र विदेश सचिव मार्को रुबियो र विशेष दूत स्टीव विटकफले यस सम्बन्धमा रुस र युक्रेनसँग समन्वय गरिरहेका छन्।राष्ट्रपति जेलेन्स्की र युरोपेली नेताहरूसँगको भेटघाटको क्रममा, श्री ट्रम्पले राष्ट्रपति पुटिनलाई फोन गर्न समय निकालनु भयो। श्री पुटिनले  उहाँ श्री जेलेन्स्कीलाई भेट्न तयार रहेको बताउनुभयो।

हिजो राति, राष्ट्रपति डोनाल्ड ट्रम्पले ह्वाइट हाउसमा युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्की, ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमर, फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोन, इटालीका प्रधानमन्त्री जर्जिया मेलोनी, जर्मन चान्सलर फ्रेडरिक मर्ज, फिनिश राष्ट्रपति अलेक्ज्याण्डर स्टब, नाटो अध्यक्ष मार्क रुट र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनसँग भेटघाट गर्नुभयो। श्री ट्रम्पका अनुसार बैठकमा युक्रेनको लागि सुरक्षा ग्यारेन्टीहरूबारे छलफल गरिएको थियो। अमेरिकासँगको समन्वयमा युरोपेली देशहरूले युक्रेनलाई प्रदान गरेको सुरक्षा ग्यारेन्टीहरू पनि विचार गरिएको थियो।

**ट्रंप-यूरोपीय संघ सराहना**

युरोपेली नेताहरूले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई ह्वाइट हाउसमा मेज़बानी गरेकोमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशंसा गरेका छन्। यी नेताहरूले यो प्रयासलाई युक्रेन युद्ध अन्त्य गर्ने दिशामा महत्त्वपूर्ण कदमको रूपमा वर्णन गरेका छन्। बैठकको क्रममा राष्ट्रपति ट्रम्पले राष्ट्रपति जेलेन्स्कीलाई युक्रेनको सुरक्षा ग्यारेन्टीको मागमा "बलियो सुरक्षा" को आश्वासन दिनुभयो।ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमरले यो बैठकलाई युरोपेली सुरक्षाको लागि ऐतिहासिक कदम रहेको बताउनुभएको छ। उहाँले राष्ट्रपति ट्रम्पको आश्वासनले नेटोको आर्टिकल ५ अनुसार सामूहिक सुरक्षाको सुनिश्चितता गर्दछ भनि बताउनुभयो। आर्टिकल ५ मा भनिएको छ कि कुनै पनि एक नेटो सदस्य देश विरुद्धको आक्रमणलाई सबै सदस्य देशहरूमाथिको आक्रमण मानिनेछ।नेटो प्रमुख मार्क रुटले सुरक्षा ग्यारेन्टीका लागि राष्ट्रपति ट्रम्पको समर्थनलाई बैठकको प्रमुख सफलताको रूपमा वर्णन गर्नुभयो र गतिरोध समाप्त गर्ने र राष्ट्रपति पुटतनलाई वार्ताको टेबलमा ल्याउने श्रेय उहाँलाई दिनुभयो।

**रिजिजू: बधाई**

केन्द्रीय मन्त्री किरेन रिजिजुले १५ औं दक्षिण एसियाली बडी बिल्डिंग तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिपमा स्वर्ण र रजत पदक जितेकोमा अरुणाचल प्रदेशका बडिबिल्डर हिलाङ याजिकलाई बधाई दिनुभएको छ। प्रतियोगिता भुटानको थिम्पुमा भएको थियो । श्री किरेन रिजिजु अरुणाचल प्रदेशबाट सांसद हुनुहुन्छ र खेल मन्त्रीको रूपमा सेवा गर्नुभएको छ। उहाले याजिकको उपलब्धिको प्रशंसा गर्नु भयो अनि आगामी एसियाली च्याम्पियनशिप सहित भविष्यका प्रतियोगिताहरूको लागि शुभकामना दिनु भयो।

**हमास-गाजा युद्धविराम**

हमासले गाजाका लागि नयाँ युद्धविराम प्रस्ताव स्वीकार गरेको पुष्टि गरेको छ । इजरायलले गाजा शहरमा ठूलो आक्रमण गर्नुअघि कतारी र इजिप्टका मध्यस्थकर्ताहरूले द्वन्द्व लाई दबाउने प्रयास गरिरहेका छन्।
हमासले आइतबार कतार र इजिप्टले पेश गरेको नयाँ प्रस्ताव स्वीकार गरेको जनाएको छ । हमासको राजनीतिक विभागका वरिष्ठ सदस्य बासम नईमले प्यालेस्टाइनी जनतामाथिको युद्धको कहर चाँडै अन्त्य हुने आशा व्यक्त गरेका छन् । दुई जना इजरायली अधिकारीले सीएनएनलाई बताएअनुसार इजरायलले हमासबाट मध्यस्थकर्तामार्फत जवाफ पाएको थियो । हमासका एक वरिष्ठ नेताले सीएनएनसँग कुरा गर्नु हुदै उक्त प्रस्तावमा १० जना जीवित र १८ जना मृत बन्धकको रिहाई पनि समावेश गरिएको बताएका छन् । यसको बदलामा इजरायलले आजीवन कारावासको सजाय भोगिरहेका १४० प्यालेस्टिनी कैदी, १५ वर्षभन्दा बढी सजाय भोगिरहेका अन्य ६० कैदी र सबै प्यालेस्टिनी महिला तथा नाबालिगलाई रिहा गर्नेछ ।

**टेनिस - सिनसिनाटी ओपन**

विश्व नम्बर दुई कार्लोस अल्काराजले पहिलो पटक सिनसिनाटी ओपनको उपाधि जितेका छन् । डिफेन्डिङ च्याम्पियन तथा विश्व नम्बर एक यानिक सिनर अस्वस्थताका कारण ५–० ले पछि परेपछि खेलबाट बाहिरिएका छन् । खेल २३ मिनेट मात्र चलेको थियो । **उनी कार्लोस अल्काराज**, कार्लोस मोया र राफेल नाडालपछि उपाधि जित्ने तेस्रो स्पेनी खेलाडी बनेका छन् । यो उनको करियरको २२ औं उपाधि हो ।

**मौसम**

मौसम विभाग-आईएमडीले आज कर्नाटक, गुजरात, मध्य महाराष्ट्र, कोंकण र गोवामा अत्यधिक भारी वर्षाको रेड अलर्ट जारी गरेको छ। विभागले छत्तीसगढ, केरला, माहे, तेलंगाना र विदर्भमा पनि भारी वर्षा हुने पूर्वानुमान व्यक्त गरेको छ। मौसम विभागले तटीय आन्ध्र प्रदेश, पूर्वी राजस्थान, हिमाचल प्रदेश, जम्मू अनि कश्मीर, लद्दाख, गिलगिट-बाल्टिस्तान-मुजफ्फराबाद सहित उत्तरपूर्वी भारतमा पनि भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ। आज मध्य प्रदेश, मराठवाडा, ओडिशा र

उत्तराखण्डमा पनि यस्तै अवस्था रहने अपेक्षा गरिएको छ। आईएमडीले आगामी तीन देखि चार दिनसम्म दक्षिणी प्रायद्वीप र छेउछाउको मध्य भारतमा मनसुन सक्रिय रहने सम्भावना रहेको पनि जानकारी दिएको छ।